गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरुको आधिकारीक विवरण यकिन गर्ने सम्बन्धी सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८३।०७।१०)

रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारीक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ वमोजिम यहि मिति २०८३/०५/१० गते रसुवा भोटेकोशी क्षेत्रमा आएको बाढीमा गोदावरी नगरपालिकाका बेपत्ता व्यक्तिहरुको आधिकारीक विवरण यकिन गर्नुपर्ने भएकोले बेपत्ता व्यक्तिको परिवारजन, आफन्तले सूचना प्रकासन भएको मितिले यहि मिति २०८३/०७/१३ गते भित्र सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजात सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पेश गर्नुपर्ने कागजातः

१. बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, सम्बन्धित ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषण पत्र ।
२. बेपत्ता भएका व्यक्तिको एकाघर सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहवरमा सोही बाढीवाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिने ।
३. विवरण पुष्टि गर्न सहयोग पुग्ने अन्य उपलब्ध प्रमाण तथा कागजात ।
४. थप जानकारीका लागि गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा तथा वडा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

२०८३/०७/१०

डा.श्रीधर गौतम
प्रमुख प्रशासकीय अधिकृत

डा. श्रीधर गौतम
प्रमुख प्रशासकीय अधिकृत